## पृष्ठभूमि

अपाङ्गता भएका व्यक्तिहरूको सवलीकरण, मानवअधिकारको प्रत्याभूति, राज्यद्वारा लागु गरिएको ऐननियमको पालनामा सक्रियता जनाउने, अन्तर्राष्ट्रिय अभिसन्धि, सन्धिसम्झौतामा गरेका प्रतिबद्धतालाई राज्यद्वारा पालना गराउन बहस, पैरवीलगायतका कार्यक्रम सञ्चालन गर्दै आइरहेको नेपाल अपाङ्ग समाजले २०६३ साल माघ महिनादेखि क्यानेडियन सहयोग कार्यालय (CIDA/CCO) को सहयोगमा देशका ६४ वटा जिल्लालगायत ५ वटा विकास क्षेत्रमा **'संविधान निर्माणप्रक्रियामा अपाङ्गता भएका व्यक्तिहरूको मुद्दा पहिचान'** विषयक क्षेत्रीय अन्तर्क्रिया, कार्यशाला गोष्ठीलगायतका कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ, जसअन्तर्गत २०६५ भाद्र ११ र १२ गते सुदूर- पश्चिमाञ्चलको धनगढीमा, भाद्र ३० र ३१ गते मध्य-पश्चिमाञ्चलको नेपालगञ्जमा, असोज ९ र १० गते मध्यमाञ्चलको काठमाडौंमा, कार्तिक २८ र २९ गते पश्चिमाञ्चलको पोखरामा र मंसिर ५ र ६ गते पूर्वाञ्चलको विराटनगरमा क्षेत्रीय कार्यशालाहरू सम्पन्न गरिएको छ । त्यस्तै २०६५ पुस १४ गते स्टाफ कलेज, जावलाखेल, ललितपुरमा **'संविधान निर्माण प्रक्रियामा पाँच विकास क्षेत्रबाट सङ्कलित अपाङ्गता भएका व्यक्तिहरूको मुद्दा प्रस्तुत एवं सुझाव सङ्कलनका लागि अपाङ्गता क्षेत्रका अगुवा तथा विषेषज्ञहरूबीच एक दिने अन्तर्क्रिया कार्यशाला गोष्ठी'**मार्फत् ती मुद्दाहरूको विशिष्टिकरण कार्यसमेत सम्पन्न भएको छ ।

अतः देशव्यापी रूपमा गरिएको औपचारिक (अन्तर्क्रिया, कार्यशाला गोष्ठी) तथा अनौपचारिक (सम्वाद, छलफल, सुझाव सङ्कलनलगायत) कार्यक्रमबाट सङ्कलित एवम् विशिष्टिकृत गरिएका अपाङ्गता भएका व्यक्तिका मुद्दाहरू सबैको साझा र सरोकारका विषय हुन् । विकासको मूलधारदेखि सदा टाढा पारिँदै आएको नेपालको अपाङ्ग वर्गको मूल मुद्दाको पहिचान एवं अध्ययन नगरिकन नयाँ संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको आवाजलाई समेटन सकिंदैन । तसर्थ, अपाङ्गता भएका व्यक्तिको आवाजलाई नयाँ संविधानमा मुखरित गर्न सहयोगी होस् भन्ने आशयले अपाङ्गता भएका व्यक्तिहरूका मुद्दालाई सामान्य सम्पादन गरी प्रकाशित गरिएको छ । प्रस्तुत सामाग्रीले राजनीतिक दल, सभासद्, सरकारी निकाय, गैरसरकारी संघसंस्था, नागरिक समाजलगायत सबै सरोकारवालाको अध्ययनको अनिवार्य विषय बनोस् र नयाँ संविधानमा अपाङ्गता भएका व्यक्तिहरूको मुद्दा समावेश गराउन सम्बन्धित निकायले भूमिका खेलून् भन्ने अभिलाषासहित नेपाल अपाङ्ग समाज हार्दिक अपील गर्दछ ।

## नयाँ संविधानका लागि पाँच विकास क्षेत्रबाट पहिचान गरिएका मुद्दाहरू

### शिक्षा

- अपाङ्गता भएका व्यक्तिको शिक्षाको अधिकार मौलिक हकभित्र समावेश गरिनुपर्दछ ।
- शिक्षक र अभिभावकहरूलाई अपाङ्गता सम्बन्धमा चेतनामूलक कार्यक्रम दिने व्यवस्था हुनुपर्दछ ।
- अपाङ्गता अनुकूल विशेष शिक्षा, समाहित शिक्षा नीतिको तर्जुमा गरिनुपर्दछ ।
- उपयुक्त शैक्षिक सामाग्रीहरू सर्वसुलभ रूपमा उपलब्ध गराउनु पर्दछ ।
- निःशुल्क र अनिवार्य छात्रवृत्तिको व्यवस्था हुनुपर्दछ ।
- विद्यालयका भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री बनाउन सरकारले प्रभावकारी रूपमा कार्यान्वयन ल्याउनु पर्छ ।
- भौगोलिक कठिनाई भएका क्षेत्रहरूमा आवासीय विद्यालय सञ्चालन गर्नुपर्छ ।
- ब्रेल लिपी र साङ्केतिक भाषालाई राष्ट्रिय मान्यता दिनुपर्छ ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिको जटिल र विशिष्ट अवस्थाअनुसार छुट्टै पाठ्यक्रम, पाठ्यसामाग्री र पठनपाठनको व्यवस्था गर्नुपर्ने ।





### स्वास्थ्य

- अपाङ्गताको स्वास्थ्यको सवाललाई मौलिक हकको रूपमा किटान गरी कार्यान्वयन गरिनु पर्छ ।
- निजी स्वास्थ्यसंस्थामा अपाङ्गहरूको स्वास्थ्य उपचारको लागि विशेष छुटको व्यवस्था गर्नका लागि राज्यले निजी क्षेत्रलाई प्रोत्साहन गर्नु पर्छ ।
- स्वास्थ्यसम्बन्धी सेवासुविधा सम्बन्धमा जनचेतनामुखी कार्यक्रम सञ्चालन गर्नु पर्छ ।
- स्वास्थ्य सेवा प्रदायक संस्थाहरूलाई पायक पर्ने स्थानमा स्थापना गर्नुपर्छ ।
- स्वास्थ्य नीतिलाई अपाङ्गता अनुकूल रूपमा तर्जुमा गर्नुपर्छ ।
- अपाङ्गहरूको जटिल स्वास्थ्य समस्याको उपचारका लागि अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थामा उपचार गर्ने व्यवस्था हुनुपर्छ ।
- निःशुल्क एवं सर्वसुलभ औषधीको व्यवस्था हुनु पर्छ ।
- अपाङ्गपन निरोधसम्बन्धी कार्यक्रमलाई पहुँचसहित प्रभावकारी बनाउनु पर्छ ।
- प्रत्येक जिल्ला अस्पतालमा अपाङ्गता भएका व्यक्तिका लागि दुई शैय्या राख्ने र फिजियोथेरापीको व्यवस्था हुनुपर्ने ।

### आर्थिक

- योग्यताअनुसारको रोजगार र अवस्था पहिचान गरी बहुअपाङ्गहरूलाई जीवन निर्वाहका लागि आवश्यक भत्ताको व्यवस्था गर्नु पर्छ ।
- सीपमूलक तथा व्यावसायिक तालिम दिई आत्मनिर्भर बनाइनु पर्छ ।
- पैतृक सम्पत्तिमा अनिवार्य उपयोग गर्न पाउने बाध्यकारी कानुनी व्यवस्था गर्नु पर्दछ ।
- आयआर्जनमूलक कृषिमा व्यवसायमा सहभागी गराएर सहकारीमार्फत् सामूहिक जीविकोपार्जनको व्यवस्था गरिनु पर्छ ।
- मौलिक हकमा अपाङ्गहरूलाई रोजगारीको व्यवस्था किटान गरी कार्यान्वयन गराउनु पर्छ ।
- अपाङ्ग क्षेत्रमा लगानी गरेबापत लगानीकर्तालाई करमा छुट दिनुपर्ने व्यवस्था गर्नु पर्छ ।
- बौद्धिक अपाङ्गता भएका व्यक्तिको सम्पत्ति संरक्षण राज्यले गर्ने छ र उपभोग गर्न सक्ने वातावरण निर्माण गर्नेछ ।

### सहभागिता (राजनीतिक, प्रशासनिक)

- आम अपाङ्गहरूलाई राजनीतिक क्षेत्रमा सहभागिता जनचेतनाको अभिबृद्धि हुने खालको कार्यक्रम गाउँदेखि केन्द्रसम्म सञ्चालन गर्नु पर्छ ।
- प्रशासनिक क्षेत्रमा अपाङ्गहरूलाई आरक्षणको व्यवस्था हुनु पर्छ ।
- राज्यको पुनःसंरचना गर्दा कार्यपालिका, न्यायपालिका तथा व्यवस्थापिकाअन्तर्गत केन्द्रदेखि स्थानीय स्तरसम्म हरेक तह र तप्कामा अपाङ्गता भएका व्यक्तिलाई अनिवार्य प्रतिनिधित्वको व्यवस्था गर्नु पर्छ ।
- घरपरिवारवाट सदैव अपाङ्गहरूलाई सहानुभूति दिई हरेक कार्यक्रममा सहभागिताका लागि उत्प्रेरणा गराउने तथा आवश्यक सहयोग गर्नु पर्छ ।



- पार्टीको विधानमा अपाङ्गहरूको प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गरिनु पर्छ ।

### सामाजिक विभेद र समानता

- अपाङ्गता सम्बन्धमा भएका सबैखाले भेदभाव अन्त्य गर्न ठोस कानुनको व्यवस्था हुनु पर्छ ।
- सकारात्मक विभेद तथा आरक्षण नीतिको व्यवस्था गरिनु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि रोजगारी सेवा अवधी तथा दैनिक सेवा/घण्टा हप्तामा छुट हुने व्यवस्था गरिनु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूका लागि सरकारी तथा गैरसरकारी जुनसुकै सेवा प्रवेशमा उमेरको हद लागु हुनु हुँदैन ।
- धार्मिक तथा सार्वजनिक स्थललाई अनिवार्य रूपमा अपाङ्गमैत्री बनाउनु पर्छ ।
- पैतृक सम्पत्तिमा पूर्ण स्वामित्वको अधिकारलाई अझ सरल बनाई सहज उपभोगको वातावरण बनाउनु पर्छ ।

### पुनर्स्थापना

- राज्यको पुनःसंरचनासहित हरेक वर्ग, क्षेत्र लिङ्ग र तहलाई सार्थक समावेशीकरणको आधारमा विशेष पहुँचसहित अपाङ्गता भएका व्यक्तिहरूलाई पुनर्स्थापित गरिनु पर्छ ।
- आर्थिक, राजनीतिक, सांस्कृतिक, सामाजिक तथा शैक्षिकलगायतका हरेक क्षेत्रमा अधिकारमुखी अवधारणाको आधारमा अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापनाको विभिन्न किटानीसहितको व्यवस्था गरिनु पर्छ । प्रत्येक जिल्लामा राज्यले पुनर्स्थापना केन्द्र स्थापना गर्नु पर्छ ।
- राज्यको केन्द्रीकरण योजनालाई विकेन्द्रित गर्दै स्थानीय तहसम्म पुऱ्याउनु पर्छ ।
- पुनर्स्थापनाका लागि प्रत्येक जिल्लामा कृत्रिम अङ्ग प्रत्यारोपणको व्यवस्था हुनु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिसँग बिहेबारी गर्ने साङ्ग महिला तथा पुरूषलाई राज्यले अपाङ्ग व्यक्तिसरह विशेष सुविधा प्रदान गर्नु पर्छ ।
- प्रत्येक गाविसमा अपाङ्ग सेवा केन्द्रको व्यवस्था हुनु पर्छ ।

### सामाजिक अवरोध

- राज्यका प्रत्येक निकायमा अपाङ्गता भएका व्यक्तिको आवागमनका लागि सहज वातावरण सिर्जना गर्नु पर्छ ।





- समाजमा अपाङ्गतासम्बन्धी जनचेतना र सचेतनासम्बन्धी कार्यक्रमलाई व्यापक रूपमा पुऱ्याउनु पर्छ ।
- मिडियाबाट जनचेतना सम्बन्धमा सन्देशमूलक कार्यक्रम दिइनु पर्छ ।

### चेतनास्तर

- गाउँ-गाउँसम्म चेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पर्छ ।
- शिक्षा, स्वास्थजस्ता मूलभूत कुरामा अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष जोड दिनु पर्छ ।
- व्यावहारिक तथा वैज्ञानिक शिक्षाको प्रयोग, पाठ्यसामग्रीमा अपाङ्गता विषयहरू अनिवार्य रूपमा समावेश गरिनु पर्छ र चेतनामा अभिबृद्धि गरिनु पर्छ ।
- अपाङ्गतासम्बन्धी सकारात्मक पक्षका सामग्रीहरू सर्वसुलभ किसिमले उपलब्ध हुनु पर्छ ।
- विद्यालय तहको पाठ्यक्रममा अपाङ्गका विषयवस्तु समावेश हुनु पर्छ ।

### सूचना वा जानकारी

- सरकारी सञ्चारमाध्यमबाट अपाङ्गतासम्बन्धी छुट्टै विशेष कार्यक्रम सञ्चालन गर्नु पर्छ ।
- सूचना तथा सञ्चारको हकलाई हरेक व्यक्तिको नैसर्गिक हकको रूपमा स्थापित गर्ने बाध्यकारी कानुनको निर्माण गर्ने सञ्चारमा वैज्ञानिक सामग्रीहरूको प्रयोगमा प्राथमिकता दिनु पर्छ ।
- विभिन्न सरकारी र गैरसरकारी संस्थामा दोभाषेको व्यवस्था गर्नु पर्छ ।
- विभिन्न क्षेत्रहरूमा सूचनाकेन्द्र स्थापना गरेर सूचनाको आदान-प्रदान गर्नु पर्छ ।
- अपाङ्गहरूलाई सूचना उपलब्ध गराउँदा अपाङ्गको

प्रकृतिअनुसारको साङ्केतिक भाषा, ब्रेल लिपी आदिको व्यवस्था हुनु पर्छ ।

### आत्मसम्मान र मर्यादा

- बोलीचालीमा सम्मानित एवम् परिमार्जित भाषाको प्रयोग गर्नु पर्छ ।
- पाठ्य सामग्रीहरूमा अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित अपमानजनक शब्दावलीको प्रयोग गर्नु हुँदैन ।
- अपाङ्गता भएका व्यक्तिहरूको सिर्जनात्मक क्षमताको पहिचान गरी त्यसलाई प्रोत्साहन एवम् प्रश्रयको व्यवस्था गर्नु पर्छ ।

### स्वतन्त्रता

- अपाङ्गता भएका व्यक्तिहरूलाई आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिकलगायत अन्य पक्षहरूको उपभोगका लागि राज्यद्वारा विशेष स्वतन्त्रताको प्रत्याभूति गर्नु पर्छ ।
- अपाङ्गता मैत्री भौतिक संरचना निर्माण गरेर उपयोग गर्नु पर्छ ।

### पहुँचयुक्तता

- सम्पूर्ण भौतिक संरचनाहरू अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्ने खालको हुनु पर्छ ।
- राष्ट्रिय अपाङ्ग आयोगको गठन हुनु पर्छ ।
- अपाङ्गता परिचयपत्रको वितरण गर्ने संयन्त्र बनाई घरदैलोमा सुविधा उपलब्ध गराउनु पर्छ ।
- ऐनकानुनमा अपाङ्गताको अवसरलाई सुनिश्चित गर्नु पर्छ ।



- विभिन्न संघसंस्थामा योग्यताअनुसारको रोजगार पाउनका लागि अपाङ्गहरूको पहुँच हुनु पर्छ ।
- बौद्धिक अपाङ्गता भएका व्यक्ति र अति अशक्त अपाङ्गको प्रतिनिधित्व अभिभावकले गर्ने व्यवस्था हुनु पर्छ ।

### अपाङ्गता भएका महिला र बालबालिकाको फरक विभेद

- अपाङ्गता भएका बालबालिका र महिलाको हकहित सुनिश्चित गर्न राज्यले विशेष व्यवस्था गर्नु पर्छ ।
- अपाङ्गता भएका महिलाहरूको यौनहिंसाविरूद्ध छुट्टै कानुनी व्यवस्था गरी अपराधीलाई दण्डसजायको व्यवस्था गर्नु पर्छ ।
- अपाङ्गता भएका महिला तथा बालबालिकालाई अपाङ्गघरको व्यवस्था क्षेत्रीय स्तरमा हुनु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिका बालबालिकालाई आवश्यकता हेरी शिक्षा, स्वास्थ्य र पुर्नर्स्थापनालगायतका क्षेत्रमा विशेष प्राथमिकता दिनु पर्छ ।
- समग्र महिला तथा बालबालिकाका लागि अवलम्बन गरिने राष्ट्रिय नीति योजना तथा कार्यक्रममा अपाङ्गता भएका महिला तथा बालबालिकाका लागि उचित आरक्षण गर्नु पर्छ ।

### शोषण, हिंसा र दुर्व्यवहार

- अपाङ्गमाथि गरिने हिंसा, शोषण र दुर्व्यवहार विरूद्धमा राज्यले दण्डनीय कानुनी प्रावधानको व्यवस्था गर्नु पर्छ ।
- अपाङ्गहरूलाई शोषण, हिंसा, दुर्व्यवहार हुनबाट जोगाउने खालको जनचेतना फैलाउन विशेष व्यवस्था गर्नु पर्छ ।
- चेतनाको अभिबृद्धि गर्नका लागि जनचेतनामूलक कार्यक्रमको सञ्चालन र माध्यमिक तहसम्मको शैक्षिक पाठ्यक्रममा अपाङ्गको बारेमा छुट्टै विषयवस्तु समावेश गर्नु पर्छ ।
- राम्रो काम गर्नेलाई प्रोत्साहन र नराम्रो काम गर्नेलाई दण्ड दिएर कारबाही गर्नुपर्ने व्यवस्था हुनु पर्छ ।

### सामाजिक सुरक्षा

- असहाय तथा साहाराविहीन अपाङ्गता भएका व्यक्तिहरूका लागि सुरक्षित आवासगृहको व्यवस्था हुनु पर्छ ।
- उनीहरूको अन्य नागरिकसरह बाँच्नका लागि आधारभूत सुविधाको ग्यारेन्टीको व्यवस्था गर्नु पर्छ ।
- अपाङ्ग कल्याणका लागि अपाङ्ग कल्याणकारी कोष स्थापना गर्नु पर्छ ।
- अपाङ्ग भएका व्यक्तिका निम्ति आवश्यक पर्ने सहायक सामग्रीहरू सर्वसुलभ एवम् निःशुल्क रूपमा चाहिएको बेला तत्तत् ठाउँमा वितरण/उपलब्ध गर्नु पर्छ ।
- अपाङ्ग आयोग, कल्याणकारी कोषलगायत अपाङ्गसम्बन्धी निकायमा अपाङ्गकै प्रतिनिधित्व हुनु पर्छ ।

### रोजगार

- निजामति, शिक्षक र सुरक्षा अङ्गमा भएका व्यक्तिका लागि कम्तिमा १० प्रतिशत अनिवार्य आरक्षण गर्नु पर्छ ।
- सीप र दक्षताअनुसार रोजगारी प्रबर्धन गर्नु पर्छ ।
- अपाङ्गद्वारा उत्पादित वस्तुको उचित बजार व्यवस्थापनको ग्यारेन्टी राज्यले लिनु पर्छ ।

### स्वरोजगार

- सीप तथा व्यवसायिक तालिम सर्वसुलभ बनाइनु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई करमा छुट दिनु पर्छ ।
- स्वरोजगारको क्षेत्र वा उद्योगधन्दा सञ्चालन गर्न चाहने अपाङ्गता भएका व्यक्तिलाई बिना धितो न्यूनतम व्याजमा ऋण उपलब्ध गराउनु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूलाई आयआर्जन एवम् सहायक सामग्रीहरूमा भन्सार छुटको व्यवस्था मिलाउनु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको स्वरोजगारका लागि राज्यले स्वरोजगार कोषको स्थापना गर्नु पर्छ ।



### सांस्कृतिक, मनोरञ्जन

- आफ्नो इच्छाअनुसार धार्मिक स्वतन्त्रता हुनु पर्छ ।
- खेलकुद र मनोरञ्जनका लागि निःशुल्क सामग्री तथा तालिमको व्यवस्था गर्नु पर्छ ।
- अपाङ्गहरूलाई राष्ट्रिय, अन्तर्राष्ट्रिय जगत्मा खेलकुद र अन्य प्रतिस्पर्धा गर्ने मौका दिनु पर्छ ।

### अन्य

#### सुदूरपश्चिम

*सुदूर पश्चिमाञ्चलमा छाउपडी प्रथाको गलत धारणाले महिलाको अवस्था दयनीय छ, त्यसमा अपाङ्ग महिला झनै त्यसको शिकार भएका छन् । त्यसका लागि राज्यले निम्न व्यवस्था गर्नु पर्छ :*



(क) राज्यले महिलाका लागि चेतनामूलक कार्यक्रम गर्न विशेषगरी अपाङ्ग महिलालाई भेद्भाव गरेको खण्डमा कानुनमा कारबाहीअनुसार भोदभाव गर्नेलाई सजाय दिनु पर्छ ।

(ख) कुसंस्कारजस्ता क्रियाकलाप हटाइनु पर्छ ।

#### मध्यपश्चिमाञ्चल

- अपाङ्गता क्षेत्रलाई हेर्ने छुट्टै मन्त्रालय गठन गर्नु पर्छ ।
- संविधान मस्यौदा समितिमा अपाङ्गता भएका, यससम्बन्धी विशिष्ट ज्ञान भएका, योगदान दिएका व्यक्तिहरूलाई अनिवार्य रूपमा समावेश गर्नु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको वैज्ञानिक तरिकाबाट तथ्य सङ्कलन गर्नु पर्छ ।

#### मध्यमाञ्चल

- अधिकार सम्पन्न संवैधानिक अपाङ्ग आयोग गठन गर्नु पर्छ ।
- वैदेशिक रोजगारीका लागि अपाङ्गलाई समेत समावेश गर्ने खालको अन्तर्राष्ट्रिय श्रमसम्झौताको व्यवस्था गर्नु पर्छ ।
- अपाङ्गता भएका व्यक्तिहरूको पूर्ण सहभागिताका लागि सबै निकाय तथा अवसरमा विशेष कानुनी व्यवस्थामार्फत् बाध्यात्मक बनाउनु पर्छ ।

#### पूर्वाञ्चल

- तराईका मुस्लिम सम्प्रदायभित्रका अपाङ्ग महिलाहरू संस्कारगत अवस्थाका कारणले पनि बढी प्रताडित रहेको अवस्था भएकाले उनीहरूको सामाजिकीकरणका लागि विशेष व्यवस्था हनु पर्छ ।

# नयाँ संविधानका लागि पाँच विकास क्षेत्रबाट सङ्कलित अपाङ्गता भएका व्यक्तिका मुद्दाहरु



नेपाल अपाङ्ग समाज

सिडा/सिडिओ